# स्थानीय राजपत्र


## पालुङटार नगरपालिकाद्धारा प्रकाशित

**खण्ड ८ संख्या १ मिति २०८१/०२/३०**


पालुङटार नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### भाग २

### बहुउद्देश्यीय कृषि प्रवर्द्धन कार्यक्रम (सञ्चालन) कार्यविधि, २०७९ (दोस्रो संशोधन), २०८१

कार्यपालिकाबाट स्वीकृत मितिः २०८१।०२।३०

| सि. नं | हालको दफा | हालको व्यवस्था | संशोधन तथा थप प्रावधान | संशोधन तथा थप गर्नु पर्ने कारण |
|---|---|---|---|---|
| १ | १०(१(च)) | **२०० लि क्षमताको दुध संकलन केन्द्र स्थापना अनुदान कार्यक्रमः** गाई/भैसीपालक कृषक/फर्म/समूह/सहकारीबाट उत्पादित दुधको उचित बजारीकरण र व्यवस्थापन होस् भन्ने उद्देश्यले २०० लिटर क्षमताको दुध संकलन केन्द्र स्थापनाको लागि ७५ प्रतिशत अनुदान सहयोग गरिनेछ । दुग्ध संकलन केन्द्र कृषकलाई पायक पर्ने ठाँउमा स्थापना गर्नु पर्नेछ । यस कार्यक्रम सञ्चालनको लागि पहिलो प्राथमिकता दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई दिइने | **२०० लि भन्दा बढि क्षमताको दुध संकलन केन्द्र स्थापना अनुदान कार्यक्रमः** गाई/भैसीपालक कृषक/फर्म/समूह/सहकारीबाट उत्पादित दुधको उचित बजारीकरण र व्यवस्थापन होस् भन्ने उद्देश्यले २०० लिटर भन्दा बढि क्षमताको दुध संकलन केन्द्र स्थापनाको लागि १०० प्रतिशत अनुदान सहयोग गरिनेछ । दुग्ध संकलन केन्द्र कृषकलाई पायक पर्ने ठाँउमा स्थापना गर्नु पर्नेछ । यस कार्यक्रम सञ्चालनको लागि पहिलो प्राथमिकता दुग्ध उत्पादक सहकारी संस्थाहरुलाई दिइने | कृषकहरुलाई प्रोत्साहन गर्न |

| | | | | |
|---|---|---|---|---|
| | | छ। दुध संकलन केन्द्रको क्षमता, माग र आवश्यकताको आधारमा संकलन केन्द्रको क्षमता अभिवृद्धि गर्न सकिनेछ। | छ। दुध संकलन केन्द्रको क्षमता, माग र आवश्यकताको आधारमा संकलन केन्द्रको क्षमता अभिवृद्धि गर्न सकिनेछ। | |

आज्ञाले,
गौतम भण्डारी
प्रमुख प्रशासकीय अधिकृत